# प्रथम गाउँसभामा अध्यक्ष ज्यूको मन्तव्य

- चन्द्र घले
*अध्यक्ष*
*नाशोङ गा.पा. , धारापानी, मनाङ*

नाशोङ गाउपालिकाको प्रथम गाउ सभा उद्घाटन समारोहका प्रमुख अतिथि

श्रीमान प्रमुख जिल्ला अधिकारी ज्यू,

विशिष्ठ अतिथि राष्ट्रिय सभाका पुर्व सांसद श्री कोमल घले ज्यू,

केवलजंग गुल्मका गुल्म पति, सेनानी ज्यू,

प्रहरी नायव उपरीक्षक ज्यू,

जिल्ला विकास समितिका भुपु सभापति तथा उपसभापति ज्यूहरु,

नाशोङ गाउपालिकाका उपाध्यक्ष ज्यू,

चामे गाउँपालिकाका उपाध्यक्ष ज्यू

नाशोङ गाउँपालिकाका सम्पुर्ण वडाका वडाध्यक्ष ज्यूहरु,

गाउ सभाका सदस्य ज्यूहरु,

हाम्रो आमन्त्रणलाई स्वीकार गरेर आउनु भएका जिल्ला स्थित सरकारी कार्यालय तथा संघसंस्थाका कर्मचारी मित्रहरु,

पत्रकार मित्रहरु,

अन्य उपस्थित आदरणीय आमा वुवा, दिदीवहिनी तथा दाजुभाईहरु,

नाशोङ गाउँपालिकाको निर्वाचित पहिलो अध्यक्षको हैसियतले यहाँहरु माझ उपस्थित हुन पाउदाँ मलाई गर्वको अनुभुति भईरहेको छ ।

यस गरीमामय अवसरमा लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएका आन्दोलनहरुमा सकृय भई राष्ट्रका लागि आफ्नो जीवन वलिदान गर्नुहुने ज्ञात अज्ञात शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

स्थानीय तहको निर्वाचन पश्चात पहिलो गाउ सभा वस्न गईरहेकोले गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरुलाई हार्दिक वधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

नाशोङ गाउँपालिका मनाङ जिल्लाको प्रवेश द्वार हो । यहाँ हुने हरेक गतिविधिले जिल्ला भरी नै केहि न केहि प्रभाव पारिरहेको हुन्छ । यो गाउँपालिका अन्नपूर्ण पदमार्गको प्रवेश विन्दु र मनास्लु पदमार्गको अन्तिम विन्दु भएकोले यहाँ विश्वका हरेक कुनाकुनावाट विदेशी पाहुनाहरुको घुईचो लाग्ने गर्दछ । यहाँको स्थानीय संस्कृतिले पर्यटकहरुको मन लोभ्याउने गरेको छ । नाशोङका जनताको स्वागत सत्कार र नम्र व्यवहारले समग्र राष्ट्रको इमेज लाई उच्च वनाउन योगदान दिएको छ ।

**उपस्थित आदरणिय महानुभावहरु**,

कार्यपालिकाका सदस्य ज्यूहरु तथा कार्यालयको कर्मचारीहरुको अथक प्रयासवाट कार्यविधिगत अन्यौलता र अनिश्चितताका विच पनि छोटो समयमा नै अषाढ महिना भित्रै गाउँपालिकाको पहिलो वजेट प्रस्तुत गर्न सफल भएकोमा हर्षको

अनुभुती भईरहेको छ। यसको लागि सम्पुर्ण पदाधिकारी एवं कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहन्छु।

गाउपालिकाको आगामी आ.व.को लागि कुल १४ करोड ९० लाख १७ हजार रुपैयाको वजेट प्रस्तुत भएको छ। यसमा सामाजिक सुरक्षा अन्तर्गत प्राप्त हुने बजेट समावेश गरिएको छैन। जसमा रु ८ करोड ११ लाख ९२ हजार चालु र ६ करोड ७८ लाख २५ हजार पुजीगत वजेट समावेश छ। गाउँपालिका भित्रका विद्यालयका शिक्षकको तलव भत्ता तथा प्रशासनिक खर्च र स्वास्थ्य सेवा विभाग मातहतका स्वास्थ्य संस्थावाट कार्यान्वयन गरिने कार्यक्रमहरु एवं कर्मचारीको तलव भत्ता समेत यसै गाउँपालिकालाई सशर्त अनुदानको रुपमा प्राप्त भएको व्यहोरा यस सम्मानित सभा समक्ष पुनः स्मरण गराउन चाहन्छु। सशर्त कार्यक्रम तर्फको रु ४ करोड २५ लाख ९२ हजार मध्ये ०.७ प्रतिशत रकम मात्र पुजीगत प्रकृतिको रहेको र वाकी ९९.३ प्रतिशत रकम तलव भत्ता, प्रशासनिक खर्च र स्वास्थ्य सम्वन्धी कार्यक्रम खर्च रहेकोले समग्रमा चालु खर्च वढी देखिन गएको छ।

कार्यपालिकाले वजेट वनाउदा तत्कालका अत्यावश्यकता र ठुला आयोजनाहरुलाई प्राथमिकता दिने प्रयास गरेको छ। सिमित श्रोत साधनवाट सम्पुर्ण आवश्यकताहरु एकै वर्ष पुरा गर्न असम्भव छ। गाउपालिकाको हाल सम्मको आन्तरिक आय शुन्य प्राय छ। आफ्नो आन्तरिक श्रोतको पहिचान गरी सोको परिचालन गर्न सकेमात्र आन्तरिक श्रोतवाट हामी भित्रका आवश्यकताहरु सहज ढंगले पुर्ति गर्न सक्छौ। तसर्थ आर्थिक विधेयकमा करका क्षेत्र र दरहरुको परिमार्जन प्रस्ताव गरिएको छ।

आशा छ, सवै सदस्य ज्यूहरुको सर्वसम्मतिले आर्थिक विधेयक पारित गरी सवल र आत्मनिर्भर गाउँपालिकाको सोचलाई मुर्त रुप दिनुहुनेछ ।

योजना तर्जुमा र बजेट विनियोजन उपयुक्त ढंगले हुनु पर्ने कुरालाई नकार्न सकिदैन, साथसाथै अपेक्षित नतिजा हासिल गर्न त्यसको लागि प्रभावकारी कार्यान्वयन र अनुगमनको आवश्यकता पर्दछ । यस क्रममा सवै राजनैतिक दल, नागरिक समाज, समाजसेवी तथा आम कर्मचारीवर्ग सहित सबै गाउँवासी दाजुभाइ दिदीबहिनीहरुको साझा प्रयास र प्रतिवद्धता आवश्यक पर्दछ । सम्बन्धित सरोकारवालाहरुबाट अझ वढी सहयोग प्राप्त भइरहने आशा एवं विश्वास लिएको छु ।

**अन्त्यमा,**

जनप्रतिनिधि विहिन अवस्थामा जनप्रतिनिधिको अभाव हुन नदिन हरवखत लाग्नुहुन सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

प्रस्तुत नीति, योजना र बजेट कार्यक्रम तर्जुमा गर्ने क्रममा सहयोग गर्नुहुने राजस्व परामर्श समितिका सदस्य ज्यूहरु, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिका सदस्यज्यूहरु, वजेट तथा कार्यक्रम समितिका सदस्यज्यूहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अति व्यस्त सयमका वावजुत हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस समारोहमा पाल्नुहुने प्रमुख अतिथिज्यू लगायत सम्पूर्ण अतिथि गण प्रति मेरो र गाँउ कार्यपालिकाको तर्फवाट हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद !